# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुन्धारा, काठमाडौं, वागमती प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०८०।०४।०१ देखि मिति २०८०।०६।३० सम्मको विवरण)

### (१) निकायको स्वरुप र प्रकृतिः

काठमाडौं महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर महिना २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौंमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौं महानगरपालिका हो ।

### (२) निकायको काम, कर्तव्य र अधिकारः

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

### (३) निकायमा रहने कर्मचारी विवरणः

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

## (४) निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, सहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था  गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरणः

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नाम : बसन्त अधिकारी

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना :rtikmc@gmail.com

: basantakmc@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

काठमाडौं महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

(१२) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८०।०८१ को असोज मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६५,७८,९२,०००.०० | ८,६६,१०,०२८.७४ | १३.१६ | ५७,१२,८१,९७१.२६ |
| १ | कृषि | २,८८,००,०००.०० | २,७०,०००.०० | ०.९४ | २,८५,३०,०००.०० |
| २ | उद्योग | २,६२,००,०००.०० | ५०,८५,६३५.२४ | १९.४१ | २,११,१४,३६४.७६ |
| ३ | पर्यटन | ३१,८०,९२,०००.०० | ८,००,००,०००.०० | २५.१५ | २३,८०,९२,०००.०० |
| ४ | सहकारी | ६०,००,०००.०० | १,८४,७१२.५० | ३.०८ | ५८,१५,२८७.५० |
| ५ | वित्तीय क्षेत्र | १७,९३,००,०००.०० | ३,८८,४००.०० | ०.२२ | १७,८९,११,६००.०० |
| ६ | जलश्रोत तथा सिंचाई | २,००,००,०००.०० | ०.०० | ० | २,००,००,०००.०० |
| ७ | पशुपन्छी विकास | ७,९५,००,०००.०० | ६,८१,२८१.०० | ०.८६ | ७,८८,१८,७१९.०० |
| २ | सामाजिक विकास | ४,७५,९४,८८,२००.०० | ५४,९५,५२,६९५.५५ | ११.५५ | ४,२०,९९,३५,५०४.४५ |
| १ | शिक्षा | २,६९,२१,८४,०००.०० | ४६,९५,६२,५८६.९२ | १७.४४ | २,२२,२६,२१,४१३.०८ |
| २ | स्वास्थ्य | १,०८,१८,६५,२००.०० | ३,०६,६४,६१२.७० | २.८३ | १,०५,१२,००,५८७.३० |
| ३ | खानेपानी तथा सरसफाई | ४,२५,००,०००.०० | १४,४७,८१२.५० | ३.४१ | ४,१०,५२,१८७.५० |
| ४ | भाषा तथा संस्कृति | ३४,९५,५२,०००.०० | २,५९,५९,००८.६८ | ७.४३ | ३२,३५,९२,९९१.३२ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २९,४७,०१,०००.०० | २,००,१८,३६९.७५ | ६.७९ | २७,४६,८२,६३०.२५ |
| ६ | युवा तथा खेलकुद | १३,०१,००,०००.०० | ०.०० | ० | १३,०१,००,०००.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १६,८५,८६,०००.०० | १९,००,३०५.०० | १.१२ | १६,६६,८५,६९५.०० |
| ३ | पूर्वाधार विकास | ७,५५,७९,१०,३९२.०० | २९,०८,९१,५०१.२६ | ३.८५ | ७,२६,७०,१८,८९०.७४ |
| १ | यातयात पूर्वाधार | २,०९,४०,४१,०००.०० | ३५,०९,६०९.३६ | ०.१७ | २,०९,०५,३१,३९०.६४ |
| २ | भवन, आवास तथा | ३,७६,१२,५४,३९२.०० | २२,२१,४०,०२२.६३ | ५.९१ | ३,५३,९१,१४,३६९.३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहरी विकास | | | | |
| ३ | उर्जा | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| ५ | सम्पदा पूर्वाधार | १,६९,८३,१५,०००.०० | ६,५२,४१,८६९.२७ | ३.८४ | १,६३,३०,७३,१३०.७३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,१२,९१,७३,०००.०० | १०,२८,७४,८०४.३० | ३.२९ | ३,०२,६२,९८,१९५.७० |
| १ | वातावरण तथा जलवायु | १,३६,१३,००,०००.०० | ५,२३,६८,१५२.४९ | ३.८५ | १,३०,८९,३१,८४७.५१ |
| २ | विपद व्यवस्थापन | १३,६४,३७,०००.०० | २९,७९,३१५.६५ | २.१८ | १३,३४,५७,६८४.३५ |
| ३ | मानब संशाधन विकास | १०,८६,६६,०००.०० | २३,५४,०३६.३९ | २.१७ | १०,६३,११,९६३.६१ |
| ४ | शान्ति तथा सुव्यवस्था | ५७,७३,७०,०००.०० | ३४,०९,९१७.१० | ०.५९ | ५७,३९,६०,०८२.९० |
| ५ | परराष्ट्र | १,६५,००,०००.०० | ९७,२२७.२० | ०.५९ | १,६४,०२,७७२.८० |
| ६ | कानुन तथा न्याय | ३,६५,००,०००.०० | ५८,२४,६६३.८२ | १५.९६ | ३,०६,७५,३३६.१८ |
| ७ | शासन प्रणाली | ५३,३७,००,०००.०० | २,९८,१२,७२८.४८ | ५.५९ | ५०,३८,८७,२७१.५२ |
| ८ | तथ्यांक प्रणाली | ९,००,०००.०० | ०.०० | ० | ९,००,०००.०० |
| ९ | गरिबी निवारण | ६,६५,००,०००.०० | ०.०० | ० | ६,६५,००,०००.०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | २,७४,००,०००.०० | ४,०५,०००.०० | १.४८ | २,६९,९५,०००.०० |
| ११ | अनुगमन तथा मूल्यांकन | १,०५,००,०००.०० | ११,२३,६६५.७१ | १०.७ | ९३,७६,३३४.२९ |
| १२ | प्रशासकीय सुशासन | २४,९०,००,०००.०० | ४५,००,०९७.४६ | १.८१ | २४,४४,९९,९०२.५४ |
| १३ | वित्तीय सुशासन | ४४,००,०००.०० | ०.०० | ० | ४४,००,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,३९,२७,६७,७४५.०० | ८५,१४,९८,३५३.६२ | २५.१ | २,५४,१२,६९,३९१.३८ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,३९,२७,६७,७४५.०० | ८५,१४,९८,३५३.६२ | २५.१ | २,५४,१२,६९,३९१.३८ |
| कुल जम्मा | | १९,४९,७२,३१,३३७.०० | १,८८,१४,२७,३८३.४७ | ९.६४ | १७,६१,५८,०३,९५३.५३ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०७९/०८० को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

## (१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८०।०४।०१ देखि मिति २०८०।०६।३० गतेसम्ममा १९ जना निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ । उक्त विवरण देहायबमोजिम रहेको छ ।

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | विष्णु कुमार कार्की | कर्मचारी समायोजनको निर्णय र तहवृद्धि सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| २ | अदिती बराल | ठेलागाडा व्यापारीको सहि व्यवस्थापन गर्न चालिएको कार्ययोजना सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| ३ | शशि बिक्रम कार्की | का.म.पा. आ.व. ०७८।०७९, ०७९।८० मा सडक व्यवसाय गर्ने व्यक्तिहरुको सामानहरु जफत सम्बन्धमा समेत | सूचना उपलब्ध गराइएको |
| ४ | संजिता भट्टराई | अपाङ्गताको परिचय पत्र समावेश कागजातको प्रमाणित प्रतिलिपी सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| ५ | दिपक विक्रम मिश्र | का.म.पा.को फोहोर उठान र नयाँ ल्याण्डफिल्डसाइडको रुपमा रहेको बञ्चरे डाँडाँ ल्याण्डफिण्ड साईडको सम्पूर्ण निर्माण कार्य सम्पन्न छ छैन ? अवस्था समेत सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| ६ | जयन्ति विक्रम राणा | का.म.पा. १५ वडा स्थित रोप-वे मार्ग साझा पेट्रोल पम्प पछाडीको खोलामा राखिएको ह्यूम पाइप सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| ७ | प्रतीक श्रेष्ठ | का.म.पा. १७ वडा अन्तर्गत स्वाँछपु मार्गमा ढुङ्गा छाप्नेको सट्टामा कालोपत्रे गरेको सम्बन्धमा समेत | सूचना उपलब्ध गराइएको |
| ८ | सागर जोशी | का.म.पा. २१ वडामा रहेको घर व्यवस्थापन सम्बन्धमा वडाबाट सूचना प्राप्त नभएकोले सूचना माग सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| ९ | कामी शेर्पा | कान्तिपूर इङ्गलिस उच्च माध्यमिक शिक्षाले विभिन्न प्रकारका शुल्क उठाएको सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १० | जयन्ति विक्रम राणा | का.म.पा. १५ वडामा ह्यूम पाइप राख्ने कार्यमा संलग्न सम्बन्धित कार्यालय, समिति, विभाग खुलाउने र निर्माण कार्य सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| ११ | अदिती बराल | ठेलागाढा व्यापारीको सहि व्यवस्थापन गर्न चालिएको कार्ययोजनाको थप सूचना माग सम्बन्धमा । | सूचना उपलब्ध गराइएको |
| १२ | सीमा तामाङ | सिसडोल ल्याण्डफिल्ड साइडका लागि काठमाडौं महानगरपालिकाले कुन वर्ष कुन शिर्षकमा कति बजेट विनियोजन गऱ्यो, शुरुदेखि हालसम्मको विवरण आर्थिक वर्षअनुसार उपलब्ध गराईदिने सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १३ | यम कुमार मुदेल | का.म.पा.मा व्यक्ति तथा संस्थाले अनधिकृत रुपमा हडपेको | सूचना उपलब्ध |

| | | | |
|---|---|---|---|
| | | सार्वजनिक वा सरकारी जग्गा के कति फिर्ता भयो सोको विवरण सम्बन्धमा | गराइएको |
| १४ | अदिति बराल | ठेलागाडा व्यापारीको सहि व्यवस्थापन गर्न चालिएको कार्ययोजनाको थप सूचना र सार्वजनिक अतिक्रमण हटाई अतिक्रमण गरी राखिएका सामान जफतको बैठक निर्णय नीति, कार्ययोजना र लिलाम रकम कोषको सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १५ | प्रशान्त खड्गी | श्री आनाद आधारभूत विद्यालयमा अनधिकृत रुपमा सञ्चालन भएको पसल शिक्षा विभागबाट हटाउने निर्णय भएको पत्रको प्रमाणित प्रतिलिपी सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १६ | विश्वनीति प्रकाशमान सिंह पाखिन | का.म.पा.को आ.व. ०७९।०८० को एकिन बक्यौता वर्गिकरण विरण, हालको बेरुजु सम्बन्धमा र का.म.पा. ६ नं. वडामा रहेको जि.एल.डी. बोटोको मुद्दा सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १७ | शौलेस डंगोल | का.म.पा. २२ नं. वडा कार्यालयको आ.व. ०७४ र ०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रतिवेदनको प्रतिलिपी समेत सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १८ | बुद्धि रत्न खड्गे समेत | का.म.पा. वडा नं. १० को घर भवनको कर तिर्दै आएको तर एक्कासी भत्काईएकोले यथार्थ जानकारी उपलब्ध गराईदिनुहुन भन्ने सम्बन्धमा | सूचना उपलब्ध गराइएको |
| १९ | विक्रम पोखरेल | अपाङ्गता भएका व्यक्तिहरुको लागि महानगरले बनाएको सडक संरचना, भौतिक पूर्वाधारहरुको सत्य तथ्य जानकारी पाउँ भन्ने सम्बन्धमा | सूचना उपलब्ध गराइएको |

**२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः**

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौं महानगरपालिका वेबसाइट www.kathmandu.gov.np राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौं महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौं र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।